नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं

धरौट्टी सदरस्याहा गर्ने सम्बन्धीको सूचना

मिति: २०८१।०८।१२

यस मन्त्रालय र मन्त्रालय मातहतका हाल अस्तित्वमा नभएका कार्यालय, आयोजनाहरुको विल भुक्तानी हुँदा वा अन्य प्रयोजनमा धरौटी कट्टी दाखिला भई लामो अवधिसम्म धरौटी फिर्ताको लागि निवेदन भई नआएको साथै धरौटी फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सो अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्ष समाप्त भईसकेका विभिन्न व्यक्ति, संस्था तथा फर्महरुको नाममा रहेको धरौटीको रकम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८ बमोजिम सदर स्याहा गरी राजस्व खातामा आम्दानी बाँध्ने निर्णय भएकोले यो सूचना प्रकाशन गरिएको छ । प्रयोजन समाप्त भएका व्यक्ति तथा फर्महरुको नामनामेसी तथा रकम सहितको विस्तृत विवरण मन्त्रालयको वेभसाइट www.moald.gov.np तथा सूचना पाटीमा समेत प्रकाशन गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र उक्त धरौटी रकम फिर्ता लिन आवश्यक प्रमाण सहित मन्त्रालयमा निवेदन दिनुहुन सूचित गरिन्छ । अन्यथा कानुन बमोजिम धरौटी रकम सदरस्याहा गरिने व्यहोरा जानकारी गराइन्छ ।